# चन्द्रनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर, सर्लाही
मधेस प्रदेश, नेपाल

पत्र संख्या: २०८३/८४ मिति:२०८३/०४/२७

सूचना! सूचना !! सूचना!!!

**मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी तथा मेरुदण्ड पक्षघात भएका बिरामीहरूलाई मासिक औषधि उपचार खर्च उपलब्ध गराउने सम्बन्धी सूचना**

प्रस्तुत सम्बन्धमा मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर तथा मेरुदण्ड पक्षघात भएका बिरामीहरूलाई मासिक औषधि उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ बमोजिम उक्त सुविधा प्राप्त गरिरहेका तथा नयाँ सुविधा लिन चाहने लाभग्राहीहरूले नवीकरण/नयाँ आवेदनका लागि तपसिलमा उल्लेखित आवश्यक कागजातहरू संलग्न गरी सम्बन्धित वडा कार्यालयको सिफारिससहित २०८३ साल भाद्र १५ गते भित्र यस कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- अनुसूची–१ को सक्कल प्रति (चिकित्सकको सिफारिस)।
- अनुसूची–२ को सक्कल प्रति (निवेदन)।
- बैंक खाताको चेकबुकको फोटोकपी।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (सामाजिक सुरक्षा भत्ता वा अन्य सरकारी सुविधा लिएको/नलिएको स्पष्ट खुलाइएको हुनुपर्ने)।
- उपचार गराइरहेको चिकित्सकको हालसालैको प्रेस्क्रिप्सनको फोटोकपी (अनिवार्य)।

नोट:

१.क्यान्सरका बिरामीको हकमा रेडियोथेरापी वा केमोथेरापी गरिरहेको अथवा तत्काल सर्जरी गरेको खुल्ने कागजात पेश गर्नुपर्नेछ। औषधि सेवन गरिरहेका बिरामीको हकमा निरन्तर औषधि सेवन गरिरहेको खुल्ने प्रमाणित कागजात पेश गर्नुपर्नेछ।

२.सम्बन्धित लाभग्राहीले तोकिएको समयभित्र नवीकरणका लागि आवेदन पेश नगरेमा मासिक औषधि उपचार खर्च उपलब्ध गराउन नसकिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

कृष्ण प्रसाद आचार्य
प्रशासन शाखा प्रमुख

बोधार्थ :

१.श्री १ देखि ७ नम्बर सम्मको सम्पूर्ण वडा कार्यालय